# ५ प्रायश्चित वा क्षमाको विधि

*<u>यस अध्यायका मूल पदहरू:</u>* २ इतिहास ३३:१२,१३, २ शमूएल १४:१-११, लेवी ४:२७-३१, यर्मिया १७:१, लेवी १०:१६-१८, मीका ७:१८-२०।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "१८ तिमीहरूले पिता-पुर्खाहरूबाट पाएका व्यर्थको चालचलनबाट तिमीहरूलाई छुट्कारा दिनुहुँदा कति ठूलो मोल तिर्नुपऱ्यो, तिमीहरूलाई थाहै छ। त्यो त सुन र चाँदीजस्तो नाश हुने कुरा होइन। १९ ख्रीष्टको बहुमूल्य रगतले नै तिमीहरूलाई छुट्कारा दिएको हो। उहाँ निर्दोष र निष्खोट बलि हुने पाठो हुनुहुन्थ्यो।२० परमेश्वरले संसारलाई सृष्टि गर्नुभन्दा पहिले नै उहाँलाई चुन्नुभएको थियो र तिमीहरूका लागि यी आखिरी दिनमा उहाँ प्रकट हुनुभयो।" (१ पत्रुस १:१८,१९)।

यस पृथ्वीमा भएको परमेश्वरको मन्दिरमा हुने सम्पूर्ण कार्यविधिहरूमा बलिप्रथा अत्यन्त उल्लेखनीय मानिन्छ। त्यस प्रथाको प्रमूख भाग नै ख्रीष्टको बलिदानलाई सिधै औंल्याउने भएकोले बलिप्रथा पवित्र मन्दिरमा हुने संस्कारको केन्द्रविन्दु बनेको हो। त्यस बलिप्रथामा पापी मानिस मर्नुको सट्टा पशुलाई बलि चढाइन्थ्यो। बलि चढाइएको पशुको रगत, हाम्रो निम्ति ख्रीष्ट मर्दा बगाइएको रगतको प्रतिक थियो।

यस अध्यायमा हामीले शुद्धिकरण वा चोख्याउन ल्याउने भेटी वा बलिको बारेमा दिइएका विभिन्न धारणाहरूको बारेमा अध्ययन गर्नेछौं। त्यसलाई "पापको भेटी वा बलि" पनि भनिन्छ। हामी परमेश्वरसँग सम्मिलित होउन् भन्ने उहाँको परम चाहना हो। त्यो चाहनालाई व्यक्त गर्न उहाँले आफ्नो पुत्रको मात्र सत त्याग र बलिलाई प्रयोग गर्नुभएको थियो। बलिप्रथाले परमेश्वरको भित्री हृदयलाई उहाँका जनहरूसमक्ष प्रस्तुत गरेको थियो। "पापको बलि" भन्ने वाक्यांशलाई बेला बेलामा "शुद्धिकरण वा चोख्याउने" बलि वा भेटी भनेर यस अध्यायमा प्रयोग गरिन्छ। गलत धारणाबाट जोगन त्यस वाक्यांश प्रयोग गरिएको हो। उदाहरणमा तत्कालिन यहूदीहरूको संस्कारमा बालक

जन्माउनु पापमा पर्नु हो भनेर मानिन्थ्यो। त्यसकारण त्यस पापबाट शुद्ध हुन “पाप बलि वा भेटी" (लेवी १२:५-८) नव आमाले मन्दिरमा ल्याउनु पर्थ्यो। (नेपालमा बच्चा जन्माउँदा चार दिनसम्म अशुद्ध मान्ने चलन कहाँबाट आयो होला?-अनुवादकको जिज्ञासा)। यथार्थमा आमाले ल्याउने भेटी वा बलि चोख्याउन वा शुद्ध गर्नको निम्ति थियो, तर पापको कारणले ल्याइएको थिएन।

## १. पाप र दया (व्यवस्था २५:१,२)

परमेश्वरलाई चिन्ने जो कोहीले पनि पाप गर्दा हामी उहाँबाट अलगिन्छौं भन्ने ज्ञान थाहा छ। तर पापबाट अलगिएर विग्रिएको सम्बन्धलाई जोड्न र हामीहरूलाई उहाँको निकट ल्याउन परमेश्वर आफैले नै अग्रसर भएर उपाय सृजना गर्नु भएको थियो भन्ने शुभ समाचार हामीलाई बाइबलमा दिइएको छ। परमेश्वरले रच्नु भएको त्यस उपाय वा प्रणालीको केन्द्रविन्दु हो, बलिप्रथा।

पुरानो करारमा तिन किसिमका पापलाई वाख्या गरेको छ। पापीले पाप गरेको बेलामा त्यस पापको ज्ञान उसले थाहा पाए अनुसारको स्तरमा प्रत्येक पापको वाख्या भरपर्छ। उदाहरणमा, उसले गरेको पाप के (१) अनजानमा (२) योजनावद्ध रूपमा अथवा (३) जानाजानी परमेश्वरको विरुद्धमा गरेको थियो कि? लेवी ४:१-५:१३मा उल्लेख गरेको “शुद्धिकरण वा चोख्याउने बलि वा भेटी"चाहिँ अनजान र थेरै थरीका योजनावद्ध (लेवी ५:१) रूपमा गरिएको पापको निम्ति ल्याइन्थ्यो। ती प्रथम् दुई समूहको निम्ति बलि वा भेटी उपलव्ध गराइएको थियो। तर सबभन्दा खराब पापचाहिँ विद्रोही प्रवृत्तिमा लाग्नु थियो। त्यस पापको शुद्ध गर्न धेरै विधिहरू अपनाइन्थ्यो। परमेश्वरको मुखको सम्मुखमा गरेको विद्रोही पापले पापी मृत्युको योग्य हुन पुगेको मानिन्थ्यो। उसको मृत्यु बाहेक कुनै कुरालाई उसको पाप हट्दैनथ्यो (गन्ती १५:२९-३१)। तर जतिसुकै अत्यन्त नराम्रो पाप गरेतापनि त्यसलाई क्षमा गर्ने अधिकार परमेश्वरमै निहित भएको थियो। बाइबलको इतिहासमा उल्लेखित अत्यन्त दुष्ट राजा मनस्सेले परमेश्वरको विरुद्धमा पाप गरे तर पश्चातापसहित प्रार्थना गर्दा उसकोपाप क्षमा भएको थियो (२ इतिहास ३३:१२,१३)।

देहायका पदहरू पढ्नुहोस्ः व्यवस्था २५:१-३ "दुई जना इस्राएलीहरू झगडा छिनाफाना गर्नलाई अदालतमा जान्छन् र एक जना दोषी र अर्को निर्दोषी ठहरिन्छ। २ दोषीलाई कुटाइ खाने सजायँ भयो भने न्यायकर्ताले त्यसलाई घोप्टो पारेर सुत्न लाएर कोर्रा हान्न लाउनेछन्। कति कोर्रा लाउनुपर्छ, त्यो त्यसको दोषमाथि निर्भर हुनेछ। ३ त्यसलाई चालीस चोटिसम्म कोर्रा लाए हुन्छ तर त्योभन्दा बढ्ता होइन। त्योभन्दा बढ्ता कोर्रा लगाए जनसाधारणको सामुन्ने त्यसको बेइज्जत हुनेछ।" २ समूएल १४:१-११ " दाऊद राजाले अब्शालोमको खुबै याद गर्छन् भनी योआबले जान्दथे। २ उनले तकोमा बास गर्ने एउटी चतुर आइमाईलाई बोलाउन पठाए। त्यो आइपुगेपछि त्यसलाई उनले भने, "तैंले शोक गरेको बहाना गर्नू। विलापका कपडा लगा र केश कोरी-बाटी नगर्। धेरै दिन शोक गर्ने आइमाईजस्ती हो। ३ त्यसपछि राजाकहाँ गएर मैले भनेजस्तो भन्नू।" त्यसपछि राजालाई के भन्नुपर्ने, सो योआबले बताइदिए। ४ त्यो स्त्री राजाकहाँ गएर दण्डवत् गरेर भूइँमा घोप्टो परी र भनी, "महाराज! मेरो सहायता गर्नुहोस्!" ५ "के भयो?" राजाले त्यसलाई सोधे। त्यसले उत्तर दिई, "हजुर, म एउटी गरीब विधवा हुँ। मेरा लोग्ने मरे। ६ मेरा दुई छोराहरू थिए, हजुर! एक दिन ती दुईले मैदानमा झगडा गरेछन्। तिनीहरूलाई छुट्ट्याउने त्यहाँ कोही थिएन र एउटाले अर्कोलाई मार्‍यो। ७ हजुर, अहिले मेरा सबै आफन्तहरू मेरा विरुद्ध भएका छन् र मेरो बाँचेको छोरोलाई तिनीहरूका हातमा सुम्पिदिनू भन्छन् र त्यसका दाजुको हत्याको लागि त्यसलाई मार्न चाहन्छन्। मैले त्यसलाई सुम्पिदिएँ भने म निस्सन्तान हुनेछु। मेरा आखिरी आशा नाश हुनेछ र मेरो लोग्नेको नाम जिउँदो राख्न एउटै पनि रहनेछैन।" ८ राजाले उत्तर दिए, "घर फर्किजाऊ। म तिम्रो कुराको फैसला गर्नेछु।" ९ "राजन्!" त्यसले भनी, "हजुरले जस्तो फैसला दिनुहुन्छ, त्यसको दोष म र मेरा सन्तानमाथि पर्नेछ। राजा र राज-परिवार निर्दोष हुनुहुनेछ।" १० राजाले उत्तर दिए, "कसैले तिमीलाई धम्कायो भने उसलाई मकहाँ ल्याउनू र उसले तिमीलाई फेरि दुःख दिनेछैन।" ११ त्यसले भनी, "राजन्! परमप्रभु आफ्ना परमेश्‍वरको नाममा वचन दिनुहोस् कि जुन मेरा आफन्तहरूले मेरा छोराको हत्याको साटो लिनुपर्छ, तिनीहरूले मेरो

**छोरालाई मारेर अझ ठूलो अपराध नगरून्।" दाऊदले भने, "म जीवित परमप्रभुलाई साक्षी राखी वचन दिँदछु कि तिम्रो छोरोको एउटै केश पनि भूँइमा खस्न पाउनेछैन।"   दया, न्याय र अपराध अर्थात दोषको बारेमा २ शमूएल १४:९ले के सिकाउँदछ?**

पापीलाई क्षमा गर्दा वा त्यसलाई त्यसै छोडिदिँदा के परमेश्वर न्यायोचित देखिन्छ र? पापी अधर्मी हो त्यसकारण उसले सजायँ पाउने पर्छ (व्यवस्था २५:१) होइन त?

राजा दाउदको जीवनमा घटेको टेकोवा गाउँको महिलाको कथामा त्यसको जवाफ दिएको पाइन्छ। योआबको अनुरोधमा त्यस स्त्री विधुवी भएकी देखाएकी थिइ। उनको दुई छोराहरूको बारेमा काल्पनिक कथा बनाएर राजाकहाँ जान योआबले खटाएको थियो। त्यसकारण उनले राजाकहाँ गएर त्यस कथालाई सुनाएर उनको न्यायको माग गरिन्। एउटा छोरोलाई अर्को छोरोले मार्‍यो रे! इस्राएली व्यवस्था वा कानून अनुसार हत्याराले मृत्युदण्ड पाउनुपर्थ्यो (गन्ती ३५:३१)। परिवारमा एक जना पुरूषमात्र भएतापनि यदि ऊ हत्यारा हो भने ऊ मर्नुपर्थ्यो। त्यस स्त्रीले राजासँग जो न्यायधिस पनि थिए आफ्नो हत्यारा छोराको निम्ति जीवनदान मागीन्।

अनि उनले भनिन् "हजुरले जे गर्नुभएतापनि, म र मेरा परिवारले दोष लिनेछ। हजुर र हजुरका राज खान्दानले कुनै गल्ती गरेकोमा दोषी ठहरिने छैन।" (२ शमूएल १४:९)। दुवै राजा र त्यस स्त्रीलाई यो थाहा थियो की यदि राजाले हत्यारालाई निरपराध घोषणा गरियो भने राजा आफै हत्याराको दोष लिनुपर्थ्यो र राजाको न्यायमूर्तीपनालाई जोखिममा पारिन्थ्यो। न्यायकर्ताले जे न्याय गर्थ्यो त्यसको अभिभारा उसैले बोक्नु पर्थ्यो। त्यसैकारण त्यस स्त्रीले सम्पूर्ण दोष आफैले लिन मञ्जुर गरेकी थिइन्।

त्यहि प्रक्रिया अनुसार पापीलाई पाप क्षमा गर्न उसको सम्पूर्ण दोष परमेश्वर आफैले लिनुभएको थियो। यदि हामीलाई क्षमा दिइयो भने परमेश्वर *आफै हाम्रो सजायँ भोग्न तयार हुनुपर्छ।* त्यही कानूनी प्रावधान अनुसार हामीलाई मुक्ति दिन प्रभु येशू ख्रीष्ट क्रुसमा मर्नु परेको थियो।

## २. हातहरू बलिको टाउकोमा हाल्नु (लेवी ४:२७-३१)

पशुबलि ल्याउने क्रममा ल्याउने मानिसले केहि विधिहरू पालन गर्नुपर्थ्यो। ती के हुन् त? हेर्नुहोस्: लेवी ४:२७-३१ **"साधारण मानिसहरूमध्ये कसैले अन्जानमा पाप गरेर परमप्रभुको कुनै आज्ञा तोडेर दोष गरेको छ भने २८ त्यसलाई त्यस पापको बारेमा जनाईदिनेबित्तिकै त्यसले एउटी निष्खोट बाख्री बलि गर्न ल्याओस्। २९ त्यस बाख्रीको टाउकोमा आफ्नो हात राखोस् र वेदीको उत्तरपट्टि, जहाँ होमबलिको निम्ति पशुहरू काटिन्छन्, त्यहाँ त्यसलाई काटोस्। ३० पूजाहारीले बाख्रीको रगतमा औंला चोपेर वेदीको चार कुनाका सिङजस्ता चोसाहरूमा रगत लगाओस् र बाँकी रगत वेदीको फेदमा खन्याओस्। ३१ त्यसपछि त्यसको जम्मै बोसो, मेलबलिमा चढाइएको पशुको बोसो उठाएझैं त्यसले उठाओस् र वेदीमाथि जलाओस् अनि त्यसको मीठो बास्नाले परमप्रभुलाई खुसी पार्नेछ त्यसरी पूजाहारीले त्यस मानिसको पापको निम्ति बलि चढाउनेछ र त्यसले क्षमा पाउनेछ।"**

पशुबलिको लक्ष्यहरू के थियो त भन्दा हेर्नुहोस्: (१) पापीबाट पापलाई हटाउनु र पापीमा भएको दोष भेटाउनु, (२) पापीमा भएको पापको अभिभारा पवित्र मन्दिरमा सरुवा गर्नु र (३) क्षमा पाउँदै र शुद्ध हुँदै पापी मन्दिरको परिसरबाट छोड्नु (शुद्धिकरण गर्न तोकिएको मैदा परिमाण पनि ल्याउन सक्थ्यो तर त्यो एक दम कुनै कुनैको लागिमात्र थियो। किनभने त्यस शुद्धिकरण गर्ने भेटीमा रगत थिएन। सबैलाई थाहा थियो कि "रगत नपोखाइकन कोही पनि क्षमा पाइन्दैन" (हिब्रू ९:२२ रूपान्तरित)।

पापीले पशुबलि ल्याउँदा उसले पूरा गर्नुपर्ने विधिलाई अर्थपूर्ण मान्नु पर्दछ। ती विधिमा बलिको टाउकोमा आफ्नै हातहरू राख्नुपर्थ्यो, आफ्नै हातले त्यसलाई बलि दिनुपर्थ्यो, पुजारीले रगत वेदीमा छर्कनुपर्थ्यो, बलिको बोसोलाई होम वेदीमा जलाउनुपर्थ्यो र त्यो बलिको मासु बलि चढाउनेले खानु पर्थ्यो। हो, पापीले ल्याएको बलिले गर्दा उसको पाप क्षमा हुन्थ्यो तर केवल रगतको विधि पूरा गरेपछिमात्र।

बलिको टाउकोमा हात राख्ने विधि बलिविधिमा अत्यन्त उल्लेखनीय भाग हो (लेवी १:४, ४:४, १६:२१)। त्यो विधि कुन पूरा गर्नुपर्थ्यो भन्दा त्यस प्रक्रियाले त्यो पापी मर्नुको सट्टा पशुलाई ग्रहण

गर्नुभएको थियो। त्यस पापीको पापको मोल त्यस बलिले तिरेको ठहर्थ्यो (लेवि १:४)। पशुको टाउकोमा हात हालेपछिमात्र त्यसको बलि स्वीकार्य हुन्थ्यो। लेवि १६:२१को अनुसार पशुको टाउकोमा हात हाल्दा पापीले आफ्नो पापलाई स्वीकार गर्नुपर्थ्यो। पापीबाट अब पाप निर्दोष पशुमा सरियो भनेर त्यस विधिले देखाएको थियो।

पशुलाई मार्ने विधि मन्दिरमा चढाउन ल्याउने कुनै पनि पशुको हुन्थ्यो। पशुलाई मारेपछि त्यसबाट निस्किएको रगत वेदीमा छर्दथ्यो। त्यसको अर्थ पापीको प्रायश्चितलाई ग्रहण गरियो भनेर देखाउँथ्यो (लेवी १७:११)। टाउकोमा हात राख्दा पशुमा पाप सरिएको देखाएको हुनाले पापीको बदलामा निर्दोष पशु मर्नुपरेको थियो भन्ने कुरा हामीले बुझ्नु पर्छ। पापीको स्थानमा पशुलाई मारियो। पुजारीले होइन, दोषी पापी आफैले पशुलाई मार्नु पर्ने कारण त्यसले वाख्या गराउँछ।

**अर्को पल्ट जब तपाईं कुनै पापको मोहमा पर्नुहुन्छ तब क्रुसमा येशू मर्नुभएको चित्रण सम्झनुहोस्। अनि उहाँको शीरमा हात राखेर तपाईंको पापलाई स्वीकार गर्नुभएको आभास् पाउनुहोस्। तपाईंले गर्नुभएको पापको क्षमा पाउन परमेश्वरले कस्तो मोल चुकाउनु परेको थियो, त्यसको चित्रण तपाईंले कसरी गर्न सक्नुहुन्छ? त्यस धारणाले तपाईं पापमा फस्न लाग्नु भएको बेलामा त्यसमा नफस्न कसरी बल दिन सक्छ?**

## ३. पाप सरुवा (यर्मिया १७:१)

जब पापीले पाप गर्दछ उसले मन्दिरमा पशुलाई बलि चढाउ ल्याउँथ्यो र त्यसमाथि हात राखेर मारिन्थ्यो, त्यो प्रथम् प्रक्रिया थियो। अनि अर्को विधिमाचाहिँ पशुबाट निकालिएको रगतको विधिलाई हेर्नुपर्छ। वेदीको सिङ्ग वा टुप्पाहरूमा पुजारीले बलिको रगत छर्कनुपर्थ्यो। रगत समावेश भएको कारणले त्यस विधि, प्रायश्चित वा क्षमाको विधिसँग जोडिएको थियो (लेवी १७:११)। यदि पापी कुनै साधारण वा अगुवा भएको भए त्यस रगतलाई होम वेदीमा जलाइदिनुपर्थ्यो (लेवी ४:२५,३०)। तर यदि पुजारी वा सम्पूर्ण समूह नै पापमा फसेको भए त्यो रगत पवित्र कोठामा भएको धुपको बेदिमा चढाउनुपर्थ्यो (लेवी ४:७,१८)।

वेदीका टुप्पा अर्थात् सिङहरूमा रगत छर्किनुको अर्थ के हो त? त्यसले परमेश्वरको सामु रगत ल्याइएको देखाउँथ्यो। सिङ अर्थात् टुप्पाहरू त्यस वेदीको सवभन्दा उच्च भागहरू थिए। मुक्ति कत्तिको महत्त्वपूर्ण रहेछ भनेर त्यसले पापीलाई देखाउँथ्यो।

त्यस सन्दर्भमा यर्मिया १७:१मा व्यक्त गरेको कुरा बुझ्नु अत्यन्त महत्त्वपूर्ण छ। त्यसमा भनिएको छ, “यहूदाको पाप हृदयको शिलापत्रमा कुँदिएको छ र तिनीहरूका वेदीहरूका चुचुरो वा सिङमा त्यो जडाइएको छ।" (रूपान्तरित)। त्यस पदले मानिसहरूले आफ्नै हातले काठ वा धलौतको मूर्ति बनाएर देवता भनेर पूजा गर्ने प्रवृत्तिको बारेमा बताउँदछ। ती मुर्तिहरूको सामु वेदी वा मण्डपहरू हुन्थे। जे भएतापनि वेदी वा मण्डपको महत्त्वपूर्ण अर्थ एउटै हो, त्यसले मानिसहरूको आत्मिक अवस्थालाई देखाउँथ्यो। पापको दोषलाई रगतले बोक्थ्यो। वेदीका चुच्चाहरूमा रगत छर्किनुको अर्थ पापीको पाप अब पापीबाट मन्दिरमा सरुवा भयो भनेर देखाउँथ्यो। यो सत्य आत्मज्ञान थाहा पाउनु धेरै जरुरी छ। पृथ्वीमा भएको परमेश्वरको पवित्र मन्दिरमा मुक्तिको योजनालाई कसरी चित्रण गर्छ भनेर त्यस विधिले बुझाउँछ। त्यस विधिले हाम्रो निम्ति स्वर्गमा ख्रीष्टले गर्नु भएको कामको चित्रण गर्दछ।

रगतले पापलाई बोकेको हुनाले परमेश्वरको मन्दिर फोहर भएको पनि त्यसले देखाउँछ। त्यसको ज्वलन्त उदाहरणलाई हेरौं। जब शुद्धिकरणको निम्ति चढाएको रगत अकस्मात पुजारीको पोसाकमा पऱ्यो भने त्यस पोसाक धुनुपर्थ्यो, त्यो पनि जहाँ लगेर धुने होइन, मन्दिरको पवित्र स्थानमा नै लगेर धुनुपर्थ्यो (लेवी ६:२७)।

अन्तमा बोसोलाई होममण्डपमा लगेर जलाइन्थ्यो, त्यसको अर्थचाहिँ शुद्धिकरणको निम्ति ल्याइएको भेटीको सबै थोक परमेश्वरको हो भनेर देखाएको थियो (लेवी ३:१६)।

ती बलिप्रथाहरूले भविष्यमा हुने ख्रीष्टको मृत्युलाई औँल्याएको थियो। उहाँको मृत्युले गर्दा नै हाम्रो पाप हामीबाट हटाएर उहाँमा थुपारिएको थियो, र अनि त्यो थुप्रोलाई स्वर्गको पवित्र मन्दिरमा सरुवा गरिएको थियो ती बलिप्रथाहरूले हामीलाई सिकाउँदछ। हाम्रो निम्ति

परमेश्वरले तयार गर्नुभएको गुरू योजनामा त्यो विधिले उल्लेखनीय भाग खेल्दछ।

**हामीहरूको पापको क्षमाको निम्ति परमेश्वरमै पूरा भरोसा राख्नुपर्छ भनेर पवित्र मन्दिरमा हुने विधिहरूले हामीलाई कसरी बुझाउँछन्? त्यसले तपाईंको मनलाई कसरी हलुका पार्न सक्दछ? फेरि त्यसै बखत हामीमा कस्तो महत्त्वपूर्ण जिम्मेवारी हामीले वहन गर्नुपर्छ? (हेर्नुहोस्: १ पत्रुस १:२२-२३, "अब तिमीहरूले सत्यलाई मानेर आफ्नो मन चोखो पारेका छौ अनि दाजुभाइलाई साँचो माया गर्ने भएका छौ। एक-अर्काप्रतिको तिमीहरूको चोखो माया हृदयदेखि नै होस्। २३ परमेश्वरको जीवित र सदा रहने वचनद्वारा तिमीहरूको नयाँजन्म भएको छ। तिमीहरू नाश हुने पिताबाटका सन्तान होइनौ, तर नाश नहुने पिताका सन्तान हौ।"**

## ४. पापलाई स्वीकार गर्नु (लेवी ६:१५,२६)

लेवी ६:२४-२६ र लेवी १०:१६-१८मा एक उल्लेखनीय सत्यलाई प्रस्तुत गरेको छ, त्यो के हो हेर्नुहोस्: "२४-२५ पापबलिको लागि हारून र त्यसका छोराहरूलाई यी नियमहरू दिनू भनी परमप्रभुले मोशालाई आज्ञा गर्नुभयो, वेदीको उत्तरपट्टि, जहाँ होमबलिका पशुहरू मारिन्छन्, त्यहाँ पापबलिको पशु मार्नू। यो अति पवित्र बलि हो। २६ पशुलाई बलि चढाउने पूजाहारीले त्यसलाई पवित्रस्थान परमप्रभुको पवित्र पालको चोकमा खाओस्।" र "१६ मोशाले पापबलिको बोकाबारे सोधपुछ गरे र त्यो अघि नै बलि चढाइएको थियो भनी चाल पाए। त्यसले गर्दा तिनी एलाजार र ईतामारसित रिसाए र सोधे, १७ "तिमीहरूले पापबलि किन पवित्रस्थानमा खाएनौ? त्यो अति पवित्र छ र परमप्रभुले सारा जन-समूहका पाप काट्नको निम्ति तिमीहरूलाई दिनुभएको हो। १८ त्यसको रगत पवित्र पालभित्र नल्याइएको हुनाले त्यो बलिदान मैले आज्ञा गरेअनुसार तिमीहरूले पवित्रस्थानमा खानुपर्थ्यो।"

पवित्र स्थान वा कोठामा गएर जब पालो परेको पुजारीले भेटी वा बलिको मासु खान्छ, पापीको पाप दोषीबाट निकालिएको भनेर त्यस विधिले बताएको थियो। त्यो बलिको मासु पुजारीको कामको ज्याला मात्र थिएन। (यदि त्यो सत्य भएको भए हारुनका छोराहरूले मासु

नखाँदा मोशा त्यस्तरी रिसाउने थिएन होला)। पापीले गर्ने प्रायश्चितको विधिमा चढाएको मासु पुजारीले खानु त्यस विधिको अत्यन्त महत्त्वपूर्ण भाग थियो।

बलि चढाएको मासु वा भेटी खाँदा प्रायश्चितको विधि कसरी पूरा हुन्छ? केवल ती भेटी वा बलिको मासुमात्र खान अपेक्षा गरिएको थियो। त्यस खाने भेटी वा बलि पवित्र कोठामा भित्राउँदा त्यसमा रगत हुँदैनथ्यो। भेटी वा बलिको मासु खाँदा पापीको दोष उसले निकालेको ठहर्छ भनेर बाइबलले स्पष्ट रूपमा भनेको छ। त्यस विधिले नै पापीको निम्ति प्रायश्चितको विधि पूरा हुन्थ्यो। पुजारीले दोषी मानिसको पाप बोक्नुको अर्थ अब पापी स्वतन्त्र रूपमा जान सक्ने भयो भनेर देखाएको थियो।

प्रस्थान ३४:७मा उल्लेख गरिएको परमेश्वरको "म हजारौं पुस्तासम्म आफ्नो प्रतिज्ञा राख्छु र दुष्टता, विद्रोह र पाप क्षमा गर्दछु।" भनाईलाई हिब्रू भाषामा "पापलाई परमेश्वरले बोक्नुहुन्छ" भनेर लेखिएको छ। लेवी १०:१६मा त्यही भाषा प्रयोग गरिएको छ। पुजारीले पाप बोक्ने विधिले गर्दा पापीले क्षमा पाउँछ भनेर त्यस भनाईले पुष्टि गर्दछ। यदि पापलाई पुजारीमा सरुवा गरिएन भने त्यो पाप पापी आफैले बोक्नु पर्थ्यो (लेवी ५:१)। र त्यसले मृत्यु निम्त्याउँथ्यो (रोमी ६:२३)।

अर्काको पाप पुजारीले बोक्ने विधिले नै ख्रीष्टले हाम्रो निम्ति गर्नुभएको यथार्थलाई बुझाउँछ। हाम्रो बदलीमा उहाँ मर्नुभयो। यस पृथ्वीमा पुजारीले पवित्र स्थानमा गरिने क्रियाकलापले हाम्रो निम्ति ख्रीष्टले गर्नुहुने कामको चित्रण गरेको थियो। जसरी पापीको पाप पुजारीले बोकेको देखाएको थियो, त्यसरी नै हामीहरूका पापका दोषहरू ख्रीष्ट आफैले बोक्नु भएको थियो।

"क्षमा पाएकोले नै आशिष पाउँछ। पाप बोक्ने महान् व्यक्ति (येशू)ले स्वीकार गरिएको पाप बोक्नुहुन्छ विश्वास गर्दा नै क्षमा पाउँछ। त्यसको फलस्वरुप हामीहरूको सबै आशिषहरूमा ख्रीष्ट आउनुहुन्छ। हामीहरूका पापहरूलाई क्षमा दिन र त्यसबाट शुद्ध गर्न येशू मर्नुभएको थियो। उहाँ हाम्रो महान् विकल्प हुनुहुन्छ। उहाँद्वारा नै हामीले परमेश्वरको दया र निगाहा पाउँछौं। हामीहरूको सृष्टिकर्ता,

जीवनको रचनाकार र विश्‍वासको अन्त उहाँ नै हुनुहुन्छ।"-एलेन जी ह्वाइट, मानुस्क्रिप्ट रिलिजेज, ठेली ९, पृ. ३०२बाट रूपान्तरित।

**तपाईं परमेश्वरको न्यायको आसन अगाडी उभिनुभएको कल्पना गर्नुहोस्। उहाँको अगाडी उभिँदा के तपाईं आफ्नो धर्मकर्म असल काम, शाबथलाई विधिपूर्वक पालन गर्ने आदत र सबै राम्रा कामहरू तपाईंले गरेका र नराम्रा कामहरू तपाईंले नगरेकामाथि उहाँको न्याय पाउन भर पर्नुहुन्छ? शिद्ध र पवित्र परमेश्वरले के ती सबै क्रियाकलापहरूले गर्दा तपाईंलाई स्यावास दिनुहुन्छ र तपाईं चोखो भएको ठहराउनुहुन्छ? यदि ठहर्दैन भने परमेश्वरको न्यायको सामु उभिँदा तपाईंको केवल एउटामात्र आशा के हो?**

## ५. पापको क्षमा (मीका ७:१८-२०)

**मीका ७:१८-२०मा परमेश्वरको चित्रण कसरी गरिएको छ, हेर्नुहोस्: "हे परमप्रभु! तपाईंजस्तो अरू कुनै ईश्‍वर छैन। बाँचेर रहेका तपाईंका प्रजाहरूका पाप तपाईंले क्षमा गर्नुहुन्छ। तपाईं सधैंभरिको निम्ति रिसाइरहनुहुन्न तर हामीप्रति आफ्नो निरन्तर प्रेम देखाउन खुसी हुनुहुन्छ। १९ तपाईं फेरि हामीप्रति कृपालु हुनुहुनेछ। हाम्रा पाप तपाईंले आफ्ना पैतालामुनि कुल्चनुहुनेछ र समुद्रको गहिरो तहमा फालिदिनुहुनेछ। २० तपाईंले हाम्रा पिता-पुर्खाहरूसँग धेरै अघि नै प्रतिज्ञा गर्नुभएअनुसार तपाईंको विश्‍वासयोग्यता र अटुट प्रेम आफ्ना प्रजा, अब्राहाम र याकूबका सन्तानहरूलाई देखाउनुहुनेछ।"**

पुरानो करारको पुस्तक मीकाको अन्तिम तिन पदहरूमा परमेश्वर र उहाँका जनहरूको बीचमा हुने पारस्परिक सम्बन्धमा केन्द्रित गरिएको छ। परमेश्वर कसैको बराबरीमा हुनुहुन्न भनेर ती पदहरूले बताउँदछन्। उहाँको क्षमादिने प्रेम र अनुग्रहसँग कुनै र कोही पनि दाँज्न सकिन्न। परमेश्वरको चरित्रको अत्यन्त महान् अचम्म स्वभाव नै उहाँ क्षमा दिन इच्छुक हुनुहुन्छ भनेर मीकाले देखाउँछन्। परमेश्वरको अचम्मको चरित्र र उहाँका कामहरूलाई विभिन्न तरिकाहरूद्वारा वाख्या गर्दै मीकाले उहाँको सदाशयतालाई ध्यान दिँदछ (पद १९,२०)। परमेश्वरको स्वभावलाई वाख्या गर्ने बाइबलको सबभन्दा मनपर्ने पद

प्रस्थान ३४:६,७ हो। त्यसमा परमेश्वरको क्षमाशीलताको बारेमा उल्लेख गरिएको छ।

मीका ७:१८-२०मा उल्लेख गरिएका धेरै महत्त्वपूर्ण शव्दहरू यशैया ५३मा पनि प्रयोग गरिएका छन् जुन् हाम्रो निम्ति चासोको विषय हो। यस यशैया ५३लाई सेवकको गीत पनि भनिन्छ। मानिसहरूको निम्ति कष्ट पाइरहनेबाट (येशू) नै क्षमा आउँछ भनेर ती पदहरूले देखाउँदछन्।

यो कहाली लाग्दो कुरो छ कि सबै जना परमेश्वरको उद्धार गर्ने अनुग्रहको उपभोग गर्न पाउँदैन। परमेश्वरले दिनुहुने माफी न त स्वःत छ न त सस्तो छ। त्यसले परमेश्वरप्रति बफादारिताको अपेक्षा गर्दछ। जसले परमेश्वरको अनुग्रहलाई ग्रहण गर्दछ त्यो मानिस मीका ६:८मा भनेकै जस्तो आचरणमा आफूलाई ढाल्दछ। यसमा भनिएको छः **"के कुरो असल छ, प्रभुले हामीलाई बताउनुभएको छ। हामीबाट उहाँले यी कुरा चाहनुहुन्छ, जे कुरा न्यायसङ्गत छ, त्यो गर्नू, निरन्तर प्रेम गर्नू र आफ्ना परमेश्वरअघि नम्रतासाथ जीवन बिताउनू।"** बाइबलमा लेखिएको यो पद अत्यन्त उल्लेखनीय छ। नबदलिने प्रेमप्रति परमेश्वर रमाहट हुनुहुन्छ भनेर मीका ७:१८मा लेखेको वचनलाई हामी सम्झनु अति आवश्यक छ। उहाँका जनहरूले उहाँको स्वभावको अनुसरण गर्दछन्। तिनीहरूको जीवनले उहाँको प्रेम, दया, सदाशयता र करूणा देखाउँदछन्।

बाइबलको मीका ७:१८-२०मा क्षमाको बारेमा केन्द्रित हुन्छ भने त्यसको लगत्तै नेहुम १:२,३मा परमेश्वरको न्यायको बारेमा केन्द्रित गरिएको छ, जसमा लेखिएको छः **"यो एल्कोशबाट आएका नहूमले निनवेबारे देखेका दर्शनको अगमवाणी हो। 2 परमप्रभु परमेश्वरले आफ्ना विरोधीहरूलाई सहनुहुन्न, उहाँको विरोध गर्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। उहाँले आफ्नो क्रोधमा तिनीहरूसित बदला लिनुहुन्छ।"** हामीसँग परमेश्वरले दुई प्रकारले व्यवहार गर्नुहुन्छ भनेर त्यसले देखाउँदछः (१) पश्चाताप वा पछुताव गर्ने पापीलाई उहाँले क्षमा दिनुहुन्छ (२) दुष्टलाई उहाँले दण्ड दिनुहुनेछ। परमेश्वरको स्वभावमा दुवै पक्षहरू छन्। उहाँ मुक्तिदाता हुनुहुन्छ भने न्यायमूर्ति पनि। परमेश्वरले आफ्नो कामहरू कार्यान्वन गर्नै दौरानमा ती दुवै स्वभावहरू

परिचालित हुन्छन। सदाशयी, दयालु र करूणामय परमेश्वर, न्याय वा जे न्यायोचित छ त्यसलाई कार्यान्वन गर्ने परमेश्वर पनि हुनसक्दछ। त्यस कुराको आत्मज्ञान हामीले पाउन सक्यौं भने हामी उहाँको प्रेम, क्षमाशीलता र न्यायको बारेमा ढुक्क हुनसक्छौं।

**मीका ६:८मा बताएको "जे कुरा न्यायसङ्गत छ, त्यो गर्नू, निरन्तर प्रेम गर्नू" भन्ने भावनालाई सोच्नुहोस्। ती नितिहरूलाई पालन नगरि विश्वास वा आस्था छ भनेर देखाउनु कत्तिको विडम्वना हुनसक्दछ? येशूलाई विश्वास गर्छु भनेर मुखले भन्नु र त्यस विश्वास अनुसार चल्नु, कुन सजिलो छ? न्यायोचित र प्रेमिलो जीवन बिताउने नितिलाई लागु गर्न तपाईं कसरी सुघ्रिनु पर्छ?**

## उपसंहार:

**यस विषयमा थप जानकारी एलेन जी ह्वाइटको पाट्रियार्क एण्ड प्रोफेटसको पृ. ३४३-३५८मा उल्लेखित "द टेबरनाकल आण्ड सर्भिसेज" भन्ने लेख उपयोगी छ।**

"परमेश्वरको सम्मुखमा देखा पर्न ख्रीष्ट स्वर्गमा जानु भएको थियो। अनि आफ्नो रगतलाई बाजी लगाएर उहाँले पश्चातापी पापीहरूको निम्ति निवेदन गर्नुभएको थियो। येशूको त्यही कामलाई चित्रण गर्न यस पृथ्वीमा भएको पवित्र मन्दिरमा हुने दैनिक सेवाकार्यमा पुजारीले पापीको निम्ति पवित्र स्थानमा रगत छर्किन्थ्यो।

"आफ्नो पापको पछुताव गर्ने पापीलाई परमेश्वरको व्यवस्थाको श्रापबाट उम्काउन ख्रीष्टले आफ्नो रगत बगाउनुभएको थियो। तर त्यसले पापलाई रद्द गर्दैन। इस्राएलीहरूले गर्ने मन्दिरको सेवाकार्यमा पुजारीले छर्केको पश्चातापी पापीले चढाएको रगत पापको लेखाको स्वरुप वर्षभरी पवित्र कोठामा रहन्थ्यो र वर्षको एक फेरा पश्चाताप वा शुद्धिकरणको पर्वमा मात्र त्यसलाई हटाइन्थ्यो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ ३५७बाट रूपान्तरित।

## चिन्तनमनन:

**अ.** येशू हाम्रो बदलीमा मर्नुभयो भन्ने धारणा एक दम अनुचित भएको भनेर धेरैले तर्क गर्दछन्। निर्दोषी जीव वा व्यक्ति अपराधी वा दोषीको निम्ति किन मर्नुपर्छ?

यस सत्यलाई बाइबलमा स्पष्ट रूपमा सिकाइएको छ र यो सत्य बाइबलको अत्यन्त उल्लेखनीय विषय वस्तु हो। त्यसले गर्दा त्यस आरोपलाई कसरी जवाफ दिने? न्यायोचित वा उचित नदेखिएको भन्ने आफै शव्दले हामीलाई पोखाउनुभएको अनुग्रह र क्षमालाई के हामीले बुझ्न सक्छौं र? त्यस अनुचित देखिएको शव्दले परमेश्वर कतिको महान् र दयाको सागर र प्रेमिलो भएको रहेछ भनेर देखाउन सहयोग गर्दछ?

आ. मीका ६:८मा हामीलाई स्पष्ट रूमा दिइएको आचारसंहितालाई हामीले कसरी पालना गर्ने? "परमेश्वरको सामु नम्र भएर हिंड्नु" भनेको अर्थ के हो। परमेश्वरसँग नम्रतापूर्वक हिंड्दा अरूसँग पनि त्यसरी नै हिंड्न कसरी सहयोग गर्दछ?

इ. केवल येशूको मृत्युले मात्र हामीले मोक्ष पाउँछौं भन्ने कुरालाई गहिरिएर सोच्नुहोस्। पाप कतिको खराब रहेछ भनेर त्यस अचम्मको आत्मज्ञानले कसरी सिकाउँछ? हामीहरूले जतिसुकै अथक प्रयास गरेतापनि मुक्ति पाउन वा मोक्ष पाउन असम्भव छ भनेर त्यसले कसरी सिकाउँदछ?

ई. सुसमाचार र परमेश्वरले गर्दामात्र हामी स्वर्गमा पस्न सक्छौं भन्ने अवधारणाको बारेमा चर्चपरिचर्चा गर्नुहोस्।